कञ्चन गाउँपालिका

५ नं प्रदेश

# गाउँ कार्यपालिकाको कार्यालय

रुपन्देही

## सप्लाई सम्बन्धि सूचना

सूचना नं. ०३/०७४/०७५ (सप्लाई)

प्रथम पटक प्रकाशित मिति २०७४।१२।१५

यस कार्यालयबाट विपन्न वस्तीहरुमा फुसका छाना भएका घरहरुमा जस्ता पाता अनुदान दिन विभिन्न साईजका जस्ता पाता खरिद गर्नु पर्ने भएकोले इजाजत प्राप्त सप्लार्यस ब्यबसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको सिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

शर्तहरु :–

१. तपसिलमा उल्लेखित दस्तुर (फिर्ता नहुने) नगदै बुझाई नगदी रसीदसाथ नविकरण भएको इजाजत पत्र, मुल्य अभिबृद्धि.कर दर्ता प्रमाण पत्र र अघिल्लो आ.ब. ०७३/०७४ को कर चुक्ता प्रमाण पत्रका प्रमाणित प्रतिलिपी संलग्न गरी लिखित निवेदन दिई यो सुचना पत्रिकामा प्रथम पटक प्रकासित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा आर्थिक प्रशासन शाखाबाट बोलपत्र फारम खरिद गर्न सकिनेछ ।

२. यस कार्यालयबाट खरिद गरेको सिलबन्दी दरभाउपत्र फाराम नियम अनुसार भरी सिलबन्दी गरी खामको बाहिर कामको विवरण, ठे.नं., बोलपत्रदाताको नाम र ठेगाना समेत खोली कार्यालयलाई सम्बोधन गरी १६ औं दिन दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका बोलपत्र सोही दिनको १:०० बजे दरभाउपत्र/बोलपत्रदाता स्वयं वा निजको प्रतिनिधी र कार्यालय प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएता पनि बोलपत्र खोल्ने कार्य गर्न बाधा पर्ने छैन ।

३. सिलबन्दी दरभाउपत्र साथ हुन आउने तपसिलमा उल्लेखित जमानत वापतको रकम यस कार्यालयको नाममा रहेको एन आइ सि एसिया बैक हरैया शाखाको धरौटी खाता नं BOCA 503262524005 **ग.३** मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा ने.रा. बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको १२० (एक सय बीस) दिन म्याद भएको (***सप्लाइ कार्यको विवरण र ठेक्का नम्बर समेत उल्लेख भएको***) बिडबण्ड संलग्न हुनु पर्नेछ ।

४. बोलपत्र शर्त रहित, प्रत्येक आईटममा केरमेट नभएको, कार्यालयबाट उपलब्ध गराईएको डकुमेन्टमा कुनै थपघट वा द्रष्टब्य नलेखिएको हुनु पर्नेछ । दररेट सच्याउनुपर्ने भएमा सच्याईएको ठाँउमा दस्तखत भएको हुनु पर्ने छ । समय भित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाका शर्त विपरित भएको दरभाउपत्र माथि कुनै कारवाही हुने छैन ।

५. नेपाल सरकारलाई तिर्न बुझाउनुपर्ने सबै प्रकारका करहरु र स्थानीय स्तरमा तिर्नु पर्ने सबै प्रकारका करहरु दर रेटमा समावेश भएको मानीने छ ।

६. दरभाउदाताले सप्लाई स्थल र सप्लाई सामग्रीको उपलब्धता समेत राम्ररी बुझी दरभाउपत्र भरेको मानिने छ ।

७. दरभाउ खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिन खरिद र सोको भोलिपल्ट दर्ता गर्न सकिने छ ।

८. दरभाउ पत्रको डकुमेन्ट, स्पेसीफिकेशन, परिमाण सूचना आदिमा (भाषागत समेत) त्रुटी भएमा वा विषय प्रशंगले अर्को अर्थ लागेमा कार्यालयले कुनै पनि बेला सच्याउन बाधा पर्ने छैन ।

९. प्राप्त सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा मात्र स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहीत रहने छ ।

१०. बोलपत्रमा नियमानुसार लाग्ने भ्याट बाहेकका दर रेट अंक र अक्षरमा उल्लेख गर्नुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

११. यसमा उल्लेख नभएको ब्यहोराको हकमा सार्वजनिक खरीद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित ऐन नियमावली अनुसार हुने छ ।

तपसिल

| सि.नं | ठेक्का नं. | कार्यको विवरण र स्थान | साइज | बोलपत्र जमानत रु. | बोलपत्र दस्तुर रु. | किसिम |
|---|---|---|---|---|---|---|
| १ | ०२/VUC/०७४/०७५ (सप्लाइ ) | विभिन्न साईजको २४ गेज (०.५० एम.एम. )को सि जि आइ सित (सादा) सप्लाई गर्ने कार्य | बण्डल | ३५,००० | १,००० | बोलपत्र |

..........................

कृष्ण प्रसाद पन्थी

प्रमुख प्रशासकिय अधिकृत